नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

## प्रेस विज्ञप्ति

विश्वभर फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा पनि देखा परेको छ । यसै सिलसिलामा नेपालका हिमालहरुमा पर्वतारोहणका लागि गएका पर्वतारोहीहरुमा कोभिड-१९ को संक्रमण व्यापक रुपमा फैलिएको भनी विभिन्न संचार माध्यममा प्रकाशन भएकोमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ।

सन् २०२१ को Spring Season मा हिमाल आरोहणका निम्ति ७९ देशका ८६ टोलीका जम्मा ७४५ जना आरोहीहरुले अनुमति लिएकोमा सबै टोलीहरुले सगरमाथा लगायतका हिमालहरुमा पर्वतारोहणसंग सम्बन्धित क्रियाकलापहरु सम्भव भएसम्मका स्वास्थ्य मापदण्डहरु पालना गर्दै आरोहण अभ्यास भइरहेको हालको अवस्था छ। PCR रिपोर्ट लिई कोभिड नेगेटिभ भएकालाई मात्र पर्यटन विभागबाट हिमाल आरोहणको अनुमति प्रदान गरिएको छ।

पर्यटन विभागले हरेक आरोही दलको आरोहण गतिविधि, घटना र महत्वपूर्ण समाचारहरु नियमित रुपमा प्राप्त गर्न हरेक दलसंग एक/एकजना सम्पर्क अधिकृत खटाएको छ । सम्बन्धित सम्पर्क अधिकृतहरु आ-आफ्नो कार्यक्षेत्रमा खटिइसकेको अवस्था छ । सम्पर्क अधिकृतहरुले आरोहण दलका नेताको सम्पर्कबाट प्राप्त सूचना तथा स्थलगत अनुगमनको आधारमा कुनै पर्वतारोहीको स्वास्थ्य स्थितिका सम्बन्धमा यकिन गरिने हुँदा हालसम्म प्रचार गरिएजस्तो स्वास्थ्य जोखिम भएको जानकारी प्राप्त भएको छैन। यसरी आधिकारिक निकायबाट कुनै जानकारी प्राप्त नभएको अवस्थामा सरकारी निकायसंग समन्वय र सम्पर्क नगरी भ्रमपूर्ण र पर्वतारोहीहरु एवं उनीहरुका परिवारमा त्रास फैलाउने गरी अपुष्ट सूचनाहरु प्रसारण नगर्न तथा आधिकारिक निकायबाट प्रमाणित भएका सूचनाहरु मात्र प्रकाशन गर्नुहुन समेत सम्बन्धित सबैमा अनुरोध गरिन्छ। साथै प्रतिकूल अवस्थामा रहेका पर्वतारोहीहरु र पदयात्रीहरुलाई उद्धार गरी सुरक्षित गन्तव्यमा पुर्याई आवश्यक व्यवस्थापन गर्न मन्त्रालयका सहसचिव श्री बुद्धिसागर लामिछानेको संयोजकत्वमा कोभिड संकट सहजिकरण एवं समन्वय इकाइ गठन गरिएको व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

मितिः २०७८।०१।२४

२०७८।१।२४

तारानाथ अधिकारी
सहसचिव एवं प्रवक्ता